## अनुसूची २

(दफा ४ तथा अनसूची (१ को भाग(२ सँग सम्बन्धित)

चौरजहारी नगरपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड : ५ | संख्या : २२ | मिति : २०७८/०६/२५ |

भाग-२

चौरजहारी नगरपालिका

प्रमाणित मिति :- २०७८/१०/२५

## कोशेली घर स्थापना तथा सञ्चालन कार्यविधि, २०७८

**प्रस्तावना :** चौरजहारी नगरपालिकाको क्षेत्रभित्र उत्पादित कृषि एवम् गैहृकृषि (सीपमा आधारित) जन्य सामाग्रीहरुको व्यवसायीकरण गर्न, कृषिजन्य उत्पादन व्यवसायको प्रर्वद्धन एवं व्यवस्थापन गर्न, कृषि व्यवसायको उत्पादन बढाउन र बजारीकरणमा कृषक तथा कृषक सहकार्य समुहरुलाई सहयोग गर्दै समाजमा बढ्दै गइरहेको कृषि बिचौलीयालाई विस्थापित गरी कृषक तथा कृषक सहकार्य समुहलाई उत्पादनको उचित मुल्य प्रदान गर्दै कृषि व्यवसायमा सक्रिय सहभागीताका लागि चौरजहारी नगरपालिकाको मिति २०७८/०६/१५ गतेको नगर कार्यपालिका बैठकले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा (४) ले दिएको अधिकार प्रयोग गरि यो कोशेली घर स्थापना तथा संचालन कार्यविधि स्वीकृत गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम **"कोशेली घर स्थापना तथा संचालन कार्यविधि, २०७८"** रहेको छ ।

(ख) यो कार्यविधि चौरजहारी नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित मितिदेखि लागु हुनेछ ।

चौरजहारी नगरपालिका

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कार्यालय” भन्नाले चौरजहारी  नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ख) “कोष” भन्नाले कोशेली घर स्थापना तथा संचालन कोषलाई सम्झनुपर्दछ ।

(ग) “उत्पादक” भन्नाले कृषि बस्तु वा सीपमा आधारित गैहृकृषि बस्तु उत्पादन गर्ने कृषक, कृषक सहकार्य समुह, कृषि फर्म, समुह वा सहकारी संस्थाको उत्पादन सम्झनु पर्दछ ।

(घ) “संचालक समिति” भन्नाले नियम ३ बमोजिम गठित कोशेली घर संचालक समिति सम्झनु पर्दछ ।

(ङ) “कृषक” भन्नाले यस कार्यविधि अनुसार कसैको जग्गा भाडामा लिई वा आफ्नै जग्गामा व्यवसायिक वा थोरै कृषि खेती गर्ने कृषक, कृषक सहकार्य समुह, कृषि फर्म वा सहकारी संस्थाको उत्पादन सम्झनु पर्दछ ।

(च) “कृषि वस्तु” भन्नाले कृषकले कुनै बोट बिरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनु पर्दछ ।

(छ) “खुद्रा बजार” भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्रि गर्ने खुद्रा बजारलाई सम्झनु पर्दछ ।

(ज) “थोक बजार” भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्रि बितरण गर्ने थोक बजारलाई सम्झनु पर्दछ ।

(झ) “संकलन केन्द्र” भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्रि गर्ने उद्देश्यले कृषि उपज संकलन गरेर विक्रेतालाई विक्रि गर्ने संकलन केन्द्रलाई सम्झनु पर्दछ ।

३. **संकलन केन्द्र व्यवस्थापन समिति** : देहायका सदस्यहरु रहने गरि संकलन केन्द्र व्यवस्थापन समिति गठन गरिनेछ ।

(क) उप-प्रमुख : संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत : सदस्य

(ग) स्थानीय सहकारी रजिष्टार : सदस्य

(घ) संकलन केन्द्र वा कृषि विषय विज्ञ : सदस्य

(ङ) समितिले मनोनयन गरेको व्यवसायिक किसान १ जना : सदस्य

(च) कृषि शाखा प्रमुख : सदस्य

(छ) नगर कार्यपालिका महिला सदस्य २ जना : सदस्य

(ज) महिला तथा बालबालिका शाखा प्रमुख : सदस्य सचिव

४. **समितिको काम, कर्तव्य र अधिकार** : समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय अनुसार रहनेछ ।

(क) स्थानीय स्तरमा संचालित संकलन केन्द्र व्यवस्थापन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने ।

(ख) संकलन केन्द्र प्रवद्र्धनका लागि संघ र प्रदेशसंग समन्वय र सहकार्य गर्ने

(ग) संकलन केन्द्र संचालनमा सहयोग प्रदान गर्ने ।

(घ) कृषि उत्पादनका लागि आवश्यक पर्ने ज्ञान, सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्थापन गर्न सहयोग प्रदान गर्ने ।

(ङ) कोशेली घर संचालनका लागि रकम व्यवस्थापनमा पहल गर्ने ।

(च) कृषि उपज आवश्यकता अनुसार सामाग्रीको मुल्य निर्धारण गर्न कोशेली घर संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने।

(छ) संकलित उपज बिक्री बितरणका लागि समन्वयात्मक भूमिका निर्वाह गर्ने ।

५. **कोषको स्थापना :**

(क) कोशेली घर संचालनका लागि एक कोषको स्थापना हुनेछ ।

(ख) कोषमा देहाय वमोजिमका रकमहरु रहने छन् :

अ) चौरजहारी नगरपालिकाबाट प्राप्त रकम ।

आ) संघीय, प्रादेशिक सरकार, बिदेशी वा स्वदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम । तर बैदेशिक सहयोग या सहायता प्राप्त गर्नुपूर्व नेपाल सरकारको स्वीकृती लिनुपर्नेछ ।

इ) साझेदारी कार्यक्रम संचालन गर्ने संघ, संस्थाबाट प्राप्त रकम ।

ई) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

६. **कोष संचालन :** नगरकार्यपालिका कार्यालयले कोशेली घर संचालनका लागि छुट्याएको रकम देहायको शिर्षकमा मात्र खर्च गर्न सक्नेछ ।

(क) कृषि उपज वस्तु खरिद बिक्रीका लागि ।

(ख) संकलन केन्द्र व्यवस्थापनका लागि ।

(ग) संकलन केन्द्र घरको भाडा वापत ।

(घ) अन्य आवश्यक सामाग्री खरिदका लागि ।

७. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

(क) कोषको रकम नियम ६ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(ख) उपनियम १ मा जुनसुकै कुरा लेखिएको भएता पनि संचालक समितिको बैठक संचालन गर्न लाग्ने खर्चको लागि कोषको रकममा दायित्व सृजना नहुने गरि बजेट व्यवस्था गर्न बाधा पर्ने छैन ।

८. **कोषको लेखा र लेखा परिक्षण :**

(क) कोशेली घर संचालन कोष रकमको आय व्यय लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

(ख) कोषको लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ ।

९. **कोष :** यो कोषलाई निरन्तरताका लागि पहल गर्नु पर्दछ ।

१०. **प्रतिवेदन पेश गर्ने :**

(क) कोशेली घरबाट गरिएका गतिविधिहरुको चौमासिक रुपमा सो संस्थाले प्रतिवेदन चौरजहारी नगरपालिका र महिला तथा वालवालिका शाखामा बुझाउनु पर्नेछ ।

चौरजहारी नगरपालिका

(ख) कार्यालयले वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

११. **बैठक भत्ता** : समितिको बैठकमा सहभागी भए वापत नियमानुसार बैठक भत्ताको सुविधा उपलब्ध हुनेछ ।

१२. **निर्देशन दिन सक्ने** : कार्यपालिकाले कोशेली घर संचालन गर्ने संस्थाले गरेको काम कारवाहीको सम्बन्धमा उक्त समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१३. **विविध** : कोशेली घर संचालन गरि कृषकहरुलाई प्रोत्साहित गर्न सकिने खालका कार्यक्रम संचालन गर्दै आयआर्जनमा आत्मनिर्भर र व्यवसायीक समुह बनाउन थप हौसला प्रदान गर्नु पर्दछ ।

१४. **बाधा अड्काउ फुकाउ** : यो कार्यविधिमा आवश्यक थपघट, हेरफेर गर्नुपरेमा नगर कार्यपलिकाको निर्णय बमोजिम हुनेछ ।

१५. **खारेजी र बचाउ** : यो कार्यविधिमा लेखिएको कुराहरुको हकमा यसै वमोजिम र अन्य कुराको हकमा प्रचलित ऐन कानुन वमोजिम हुनेछ ।

**आज्ञाले,**
नाम : गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

धौरजहरी नगरपालिका